# संघीय संसद

# **राष्ट्रिय सभा**

## प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति

## **प्रत्यायोजित विधायनलाई व्यवस्थित गर्ने निर्देशिका, २०७५**

**उद्देश्यः** राज्य संचालनका सिलसिलामा सम्पादन गर्नुपर्ने महत्वपूर्ण कार्य संघीय संसदले बनाएको ऐनको माध्यमबाट मात्र सम्पन्न गर्न पर्याप्त नहुने भएकोले प्रत्यायोजित विधायन अन्तर्गत रहेर नियम, आदेश, विनियम लगायतका विधिहरु निर्माण गर्ने प्रचलन रहँदै आएको छ । प्रत्यायोजित विधायन अन्तर्गत बनेका त्यस्ता कानूनहरु निर्धारित सीमा र प्रत्यायोजित विधायनका सिद्धान्त अनुरुप रहे नरहेको सम्बन्धमा जाँचबुझ गरी आवश्यकतानुसार सम्बन्धित निकायलाई निर्देशन दिने र सो सम्बन्धी प्रतिवेदन राष्ट्रिय सभामा पेश गर्ने प्रयोजनको लागि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ को उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिले यो निर्देशिका बनाई लागू गरेको छ ।

### **परिच्छेद-१**

### **प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "प्रत्यायोजित विधायनलाई व्यवस्थित गर्ने निर्देशिका, २०७५" रहेकोछ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क)"आदेश" भन्नाले संघीय कानून बमोजिम नेपाल सरकार वा नेपाल सरकारको कुनै निकायबाट नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जारी भएको आदेश सम्झनु पर्छ ।

(ख)"कार्यविधि" भन्नाले संघीय कानून बमोजिम नेपाल सरकार वा नेपाल सरकारको कुनै निकायबाट प्रत्यायोजित विधायन अन्तर्गत बनाइएको कार्यविधि सम्झनु पर्छ ।

(ग)"कुनै निकाय" भन्नाले राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत र सो मातहतका अदालत, संवैधानिक निकाय वा नेपाल सरकार अन्तर्गतको कुनै निकाय वा प्रचलित संघीय कानून बमोजिम स्थापित संगठित संस्था समेत सम्झनु पर्छ ।

(घ)"गठन आदेश" भन्नाले विकास समिति ऐन, २०१३ को दफा ३ बमोजिम नेपाल सरकारले जारी गरेको गठन आदेश सम्झनु पर्छ ।



*समितिबाट पारित मितिः २०७५/०५/१८*

प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति

(ङ)"नियमावली" भन्नाले नेपाल सरकार वा कुनै निकायबाट संघीय ऐन बमोजिम प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएका नियमहरु सम्झनु पर्छ ।

(च)"निर्देशिका" भन्नाले नेपाल सरकार वा कुनै निकायबाट संघीय ऐन वा नियमावली बमोजिम प्रत्यायोजित विधायन अन्तर्गत बनाइएको निर्देशिका सम्झनु पर्छ ।

(छ)"परिपत्र" भन्नाले कुनै निकायले कुनै विषयमा रहेको द्धविधा वा अस्पष्टता हटाउन आफु मातहतका कार्यालयलाई पठाएको पत्र (सर्कुलर) सम्झनु पर्छ ।

(ज)"विनियम" भन्नाले संगठित संस्थाले प्रत्यायोजित विधायन अन्तर्गत बनाएको संस्थाका कर्मचारीहरुको सेवाका शर्त सुविधा तथा आर्थिक कार्यविधि र आन्तरिक व्यवस्थापन लगायतका विनियम सम्झनु पर्छ ।

(झ)"मापदण्ड" भन्नाले संघीय कानूनले तोके बमोजिम कुनै विषयलाई व्यवस्थित गर्न कुनै निकायले बनाएको मापदण्ड सम्झनु पर्छ ।

(ञ)"समिति" भन्नाले राष्ट्रियसभा नियमावली, २०७५ को नियम १४७ को उपनियम (१) गठित प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति सम्झनु पर्छ ।

## परिच्छेद-२

## <u>प्रत्यायोजित विधायनसँग सम्बन्धित सिद्धान्त तथा समावेश गर्नुपर्ने विषय</u>

३. **<u>प्रत्यायोजित विधायन सम्बन्धी सामान्य सिद्धान्तः</u>** नेपाल सरकार वा कुनै निकाय वा संगठित संस्थाले प्रत्यायोजित विधायन अन्तर्गत नियमावली, गठन आदेश, निर्देशिका, कार्यविधि विनियमावली, मापदण्ड, परिपत्र, आदेश/सूचना बनाउँदा देहायका सिद्धान्तहरुको पालना गर्नु पर्नेछः-

(क) संविधान र ऐनको परिधिभित्र रही बनाउनु पर्ने,

(ख) पश्चातदर्शी असर पर्ने गरी बनाउन नहुने,

(ग) ऐनमै व्यवस्था भएकोमा बाहेक प्रत्यायोजित अधिकार पुनः प्रत्यायोजन हुने व्यवस्था राख्न नहुने,

(घ) सारवान कानूनका विषयहरु समावेश गर्न नहुने,

(ङ) सँचित कोष वा अन्य सरकारी कोषबाट आर्थिक दायित्व पर्ने विषयहरु समावेश गर्न नहुने,

(च) कुनै पनि प्रावधान प्राकृतिक न्यायको सिद्धान्त विपरीत हुन नहुने, र

(छ) न्यायिक र अर्धन्यायिक अधिकार प्रत्यायोजन गर्न नहुने ।

४. **<u>नियमावलीमा समावेश गर्न नहुने विषय</u>**ः देहायका विषयहरु ऐनबाटै सम्बोधन हुने बिषय भएकोले त्यस्ता विषयलाई नियमावलीमा समावेश गर्न पाइने छैन :-

(क) कुनै कार्यसँग जोडिएको कसुर सम्बन्धी परिभाषा, दण्ड जरिवाना तथा सजाय सम्बन्धी सारवान विषय,

(ख) कर लगाउने वा उठाउने वा करको दर घटाउने वा खारेजगर्ने वा मुल्तवी राख्ने सम्बन्धी विषय, र

प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति

(ग) न्यायिक वा अर्धन्यायिक निकायको गठन तथा अधिकार क्षेत्रसँग सम्बन्धी विषय ।

५. **नियमावलीमा समावेश गर्नुपर्ने विषयः**(१)नेपाल सरकार वा कुनै सरकारी निकाय वा संगठित संस्थाले प्रत्यायोजित विधायनले दिएको अधिकार प्रयोग गरी नियमावली बनाउँदा मुख्यतया देहायका विषयलाई समावेश गर्नु पर्ने :-

(क) संघीय ऐनको कार्यान्वयन सम्बन्धी कार्यविधिगत व्यवस्था,

(ख) ऐनमा तोकिएको विषयवस्तु भित्र सीमित रहेर नियम बनाउनु पर्ने,

(ग) ऐनमा देहायको विषयको हकमा 'तोकिएको' वा 'तोकिए बमोजिमको' भन्ने शव्दको प्रयोग गर्ने अभ्यास रहेकोले सोही विषयहरुलाई नियमले सम्बोधन गर्नु पर्नेः-

(१) कुनै निवेदन, दरखास्त, प्रमाणपत्र वा फारामको ढाँचा,

(२) प्रक्रियागत विषय र

(३) प्राविधिक विषय ।

(२) संघीय संसदमा विधेयक साथ पेश गरेको प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणीमा उल्लेख भएको विषयलाई मूल आधार मानेर नियमावलीको तर्जुमा हुनु पर्नेछ ।

६. **विनियमावलीमा समावेश गर्नुपर्ने विषयः** कुनै निकाय वा संगठित संस्थाले ऐन वा नियमावलीको अधिनमा रही आन्तरिक काम कारवाहीसँग सम्बन्धित कर्मचारी प्रशासन, आर्थिक प्रशासन र आन्तरिक व्यवस्थापन जस्ता विषयवस्तु मात्र विनियममा समावेश गर्नु पर्नेछ ।

तर विनियमावली मात्र बनेको अवस्थामा विनियमावलीमा अन्य विषय समावेश गर्न बाधा पर्ने छैन ।

७. **निर्देशिकामा समावेश गर्नुपर्ने विषयः** नेपाल सरकार वा कुनै निकाय वा नेपाल सरकार अन्तर्गतको कुनै संगठित संस्थाले निर्देशिका बनाउँदा देहायका विषयसमावेश गर्नु पर्नेछः-

(क) कुनै पनि संगठनले सम्बन्धित ऐन वा निमावलीको अधिनमा रही आफ्नो कार्यसञ्चालनमा सुगमता ल्याउने प्रयोजनको लागि मार्गदर्शनको रुपमा निर्देशिका बनाउने भएकोले खासगरी त्यस्तो मार्गदर्शनका विषयहरु निर्देशिकामा समावेश गर्नुपर्ने,

(ख) विद्यमान ऐन र नियममा रहेका व्यवस्थाको कार्यान्वयनका लागि निर्देशिकामा सरल र सिलसिलेवार उपायको व्यवस्था गर्नुपर्ने,

(ग) निर्देशिकामा खासगरी प्राविधिक विषयहरुलाई प्रष्ट रुपमा समेटिएको हुनुपर्ने ।

८. **कार्यविधिमा समावेश गर्नुपर्ने विषयः** (१) ऐनको उद्धेश्य कार्यान्वयन गर्न कार्यविधि आवश्यक पर्ने भएमा नियमावलीमा कार्यविधि बनाउने प्रावधान राख्नु पर्नेछ ।

(२) उपदफा (१)बमोजिमको कार्यविधिमा खासगरी प्रकृयागत विषयवस्तु मात्र समावेश गर्नुपर्नेछ ।

प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति

## परिच्छेद-३

## परीक्षण सम्बन्धी व्यवस्था

**९. <u>प्रत्यायोजित विधायन अन्तर्गतका कानूनको कार्यान्वयनको अनुगमनः</u>** प्रत्यायोजित विधायन अन्तर्गतको कानून कार्यन्वयनको अनुगमन गर्दा देहायका विषयमा ध्यानदिनु पर्नेछ :-

(क) निर्धारित उद्देश्य बमोजिम ऐनर नियमहरुमा रहेका कानूनी व्यवस्थाहरुको कार्यान्वयन सम्बन्धी,

(ख) ऐन र नियमहरुको कार्यान्वयन वा नयाँ कानूनी व्यवस्थाका सम्बन्धमा सर्वोच्च अदालतबाट भएका आदेशहरुको कार्यान्वयनको लागि आवश्यक कानूनी व्यवस्था गरिएको छ वा छैन,

(ग) ऐन र नियम कार्यान्वयनका लागि नेपाल सरकार वा नेपाल सरकार मातहतका निकायहरुले जारी गर्ने निर्देशन र परिपत्र समेत प्रचलित कानून बमोजिम जारी भएको छ वा छैन,

(घ) ऐनले दिएको प्रत्यायोजित अधिकार अन्तर्गत बनेको गठन आदेश, नियमावली, विनियमावली, निर्देशिका र कार्यविधि प्रकाशन भएको छ वा छैन,

(ङ) विकास समिति ऐन, २०१३ अन्तर्गत जारी भएको गठन आदेश सो ऐन अनुसार जारी भएको छ वा छैन,

**१०. <u>प्रत्यायोजित व्यवस्थापन सम्बन्धी परीक्षण गर्दा ध्यान दिनुपर्ने विषय :</u>**(१) प्रत्यायोजित विधायन सम्बन्धी परीक्षण गर्दा देहायका विषयहरुमा ध्यान दिनु पर्नेछ :-

(क) ऐनद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत बनाएको छ वा छैन,

(ख) ऐनले तोके बमोजिमका विषयहरु परेका छन् वा छैनन्,

(ग) कुनै कर लगाउने वा उठाउने कुरा नियम, निर्देशिका, कार्यविधि, विनियम र आदेशमा परेको छ वा छैन,

(घ) अदालतको क्षेत्राधिकारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले असर गर्छ वा गर्दैन,

(ङ) संविधान वा ऐनले स्पष्ट रुपमा त्यस्तो कुनै अधिकार प्रदान नगरेको कुनै व्यवस्थाको सम्बन्धमा नियम पूर्वप्रभावी छ वा छैन,

(च) संचित कोष वा अन्य सरकारी कोषबाट नियम, निर्देशिका, कार्यविधि, विनियम र आदेशले थप आर्थिक दायित्व सृजना गरेको छ वा छैन,

(छ) प्रत्यायोजित विधायन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि, विनियम र आदेश आदि संविधान वा ऐनद्वारा प्रदत्त अधिकारको सीमाभित्र छ वा छैन,

(ज) नियम, निर्देशिका, कार्यविधि, विनियम र आदेश आदि प्रकाशन गर्न र संघीय संसदमा पेश गर्नमा ढिलाई गरिएको छ वा छैन,

**११. <u>प्रत्यायोजित व्यवस्थापन सम्बन्धी अनुगमन प्रतिवेदनः</u>** (१) प्रत्यायोजित व्यवस्थापन अन्तर्गत गरिएको कामकारवाहीको प्रतिवेदन राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५३ को उपनियम (२) बमोजिम राष्ट्रिय सभामा पेश गरिनेछ ।

प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति

(२) उपदफा (१) बमोजिम प्रतिवेदन पेश गर्दा कुनै नियम, निर्देशिका, कार्यविधि, विनियम र आदेश आदि पूर्ण वा आंशिक रुपमा खारेज वा संशोधन गर्नुपर्ने देखिएमा त्यसको कारण सहितको सिफारिस समेत पेश गर्नु पर्नेछ ।

## परिच्छेद -४

## विविध

**१२. सार्वजनिक गर्नुपर्नेः** प्रत्यायोजित विधायन अन्तर्गत बनेको गठन आदेश, नियम, विनियम, कार्यविधि र निर्देशिका स्वीकृत भएको मितिले तीन दिन भित्र सोको विद्युतीय प्रति (डिजिटल कपी) सम्बन्धित निकायले आफ्नो वेभसाइटमा अनिवार्य रुपमा राख्नु पर्नेछ । यसको अलावा गठन आदेश, नियम, विनियम, कार्यविधि र निर्देशिका यथासम्भव प्रकाशित गर्नुपर्नेछ ।

**१३. संघीय संसदलाई उपलब्ध गराउनु पर्नेः** प्रत्यायोजित विधायन अन्तर्गत बनेका गठन आदेश, नियम, विनियम, कार्यविधि र निर्देशिकाको आवश्यक प्रति सम्बन्धित मन्त्रीले संघीय संसद र समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

**१४. अभिलेख राख्नु पर्नेः** प्रत्यायोजित विधायन बमोजिम निर्माण भएका गठनआदेश, नियमावली, विनियमावली, निर्देशिका र कार्यविधिको अभिलेख सम्बन्धित निकाय र समिति सचिवालयमा राख्नु पर्नेछ ।

**१५. जानकारी गराउनु पर्नेः** (१)नेपाल सरकार, कुनै निकाय वा संगठित संस्थाले संघीय ऐनले दिएको अधिकार प्रयोग गरी बनाएको नियमावली, कार्यविधि, निर्देशिका आदेशलाई निर्माण गरेको पैँतीस दिनभित्र सोको जानकारी समिति र आफ्नो सम्पर्क मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) यो निर्देशिकाको जानकारी नेपाल सरकार, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैंक, समिति वा प्रचलित कानून बमोजिम नेपाल सरकारद्वारा स्थापित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान,बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्था समेतलाई दिनु पर्नेछ ।

प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति